संघीय संसद

# प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या - ७

## दैनिक कार्यसूची

२०८१ जेठ ११ गते, शुक्रबार

बिहान ११:०० बजे

## (सम्भावित)

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र**

१. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थप सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन**

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न माननीय सदस्यहरुको मनोनयन गर्नुहुने ।

**समितिको प्रतिवेदन पेश**

३. शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सभापति अम्मरबहादुर थापाले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८०" पेश गर्नुहुने ।

**अध्यादेश स्वीकृति**

४. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई स्वीकृत गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

**व्यवस्थापन कार्य**

५. माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले "संघीय निजामति सेवा विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले राष्ट्रिय सभामा उत्पत्ति भएको "विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

**नीति तथा कार्यक्रममाथि छलफल र छलफलमा उठेका प्रश्नहरुको जवाफ**

७. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले "सम्माननीय राष्ट्रपतिले २०८१ जेठ १ गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८१/०८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

८. आ.व. २०८१/०८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि माननीय सदस्यहरुबाट प्राप्त संशोधनहरू प्रस्तुत हुने र सम्बोधनमाथि छलफल गरिने ।

९. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले उक्त छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुहुने ।

१०. सम्माननीय सभामुखले प्राप्त संशोधनहरु र सम्माननीय राष्ट्रपतिले २०८१ जेठ १ गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८१/०८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुने ।

पद्म प्रसाद पाण्डेय

महासचिव